# कार्यपालिका बैठक
## आ.व. २०८२/०८३

बैठक संख्या: श्रावण महिनाको पहिलो बैठक

मिति: २०८२/०४/१६

समय: विहानको ठिक ८ बजे

अध्यक्षता: देवराज शाही (गाउँपालिका अध्यक्ष)

उपस्थिति:

| हस्ताक्षर | क स | नाम थर | पद | कैफियत |
|---|---|---|---|---|
| | १ | देवराज शाही | अध्यक्ष | |
| | २ | अल्किना बम | उपाध्यक्ष | |
| | ३ | विर्ख लुवार | वडा नं १ अध्यक्ष | |
| | ४ | करबिरे कामी | वडा नं २ अध्यक्ष | |
| | ५ | मान बहादुर ऐडी | वडा नं ३ अध्यक्ष | |
| | ६ | महाशंकर शर्मा | वडा नं ४ का. वा. अध्यक्ष | |
| | ७ | भक्त बहादुर बम | वडा नं ५ अध्यक्ष | |
| | ८ | प्रभुजन संज्याल | वडा नं ६ अध्यक्ष | |
| | ९ | कल बहादुर ऐडी | वडा नं ७ अध्यक्ष | |
| | १० | जयराम टमोटा | वडा नं ८ अध्यक्ष | |
| | ११ | डम्बरे तिरुवा | वडा नं ९ का.वा. अध्यक्ष | |
| | १२ | सुनसरा शाही | कार्यापालिका सदस्य | |
| | १३ | गंगे सार्की | कार्यापालिका सदस्य | |
| | १४ | रत्न विश्वकर्मा | कार्यापालिका सदस्य | |
| | १५ | रुप्सा बोगटी | कार्यापालिका सदस्य | |
| | १६ | बाँचपुरा सार्की | कार्यापालिका सदस्य | |
| | १७ | अमृता कठायत | कार्यापालिका सदस्य | |
| | १८ | ओम प्रकास सापकोटा | सदस्य सचिव | |

आमन्त्रीत:

| हस्ताक्षर | क.स. | नाम | पद | कै. |
|---|---|---|---|---|
| | १. | कमल बहादुर बम | अधिकृत (सातौं) | |
| | २. | ध्रुबलाल संज्याल | बरिष्ठ शिक्षा अधिकृत (सातौं) | |
| | ३. | चक्र खनाल | लेखा सहायक (पाचौं) | |

प्रस्तावहरु:

१. करार सेवामा कार्यरत कर्मचारीको व्यवस्थापन सम्बन्धमा ।
२. SAMI कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्शदाताको नियुक्ति सम्बन्धमा ।
३. करार सेवाका कर्मचारीको स्थानीय भत्ता सम्बन्धमा ।
४. शिक्षकको सरुवा सम्बन्धमा ।
५. विद्यालय व्यवस्थपन समिति गठन सम्बन्धमा ।
६. नौमुले धमाली सिचाँई कुलो निर्माण ठेक्का रद्द सम्वन्धमा
७. वडा कार्यालय र आधारभुत स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीको तलब बृद्धि सम्बन्धमा ।
८. खरिद समिति गठन सम्बन्धमा ।
९. सवारी साधनको सम्झौता गर्ने सम्बन्धमा ।
१०. प्रधानाध्यापक व्यवस्थापन सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिका र गाउँपालिका मातहतका कार्यालयहरुमा विगतदेखि कामकाज गर्दै आइरहनु भएका र कार्यालयलाई समेत ति कर्मचारीहरु अहिले पनि उत्तिकै आवश्यक नै रहेको हुँदा उक्त करार सेवाका सम्पूर्ण कर्मचारीहरुको मिति २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी मिति २०८२ पुष मसान्तसम्मका लागी करार म्याद थप गरी कार्यजिम्मेवारी दिने निर्णय गरियो। तर पछि कर्णाली प्रदेश स्थानीय सेवाको गठन, संचालन सेवाको शर्त सम्बन्धमा बनेको ऐन २०८१ को दफा १४(१) र (२) अनुसार कानुनी जटिलता र बाधा सिर्जना भएको अवस्थामा सो करार सम्झौता अबधी बिचमै टुङ्गिने छ र सम्पुर्ण जिम्मेवारी स्वयंम करार कर्मचारीले नै लिनेछ। साथै यस पालिकामा रहि कार्य गर्दै आउनुभएका करार सेवाका इन्जिनियर प्रेम शाहीको स्थानमा लोकसेवा आयोगबाट इन्जिनियर सिफारिश भई आउनुभएकोले उहाँको करार सम्झौता नथप्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा SAMI कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्शदाता नियुक्तिको लागी संघिय सरकारबाट बजेट समेत प्राप्त भएको हुँदा यस पालिकाको साझेदारीमा तलब भत्ता खुवाउने गरी १ जना मनोसामाजिक परामर्शदाता नियुक्तिको लागि खुला प्रतियोगिताद्धारा विज्ञापन गरी अन्य आवश्यक प्रक्रिया पुर्याई नियुक्ति गर्ने निर्णय गरियो। साथै यस पालिकामा कार्यरत कार्यालय सहयोगी नन्दाखर न्यौपाने कार्यालयको कामको सिलसिलामा दुर्घटनामा परी मृत्यु भएको हुँदा उक्त रिक्त स्थानमा निजको श्रीमति बिउरा न्यौपानेलाई दैनिक ज्यादारीमा काममा लगाउने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस पालिकाले करार सेवाका कर्मचारीहरुलाई उपलब्ध गराउँदै आएको स्थानीय भत्ता मिति २०८२।०४।०१ देखि लागु हुने गरी अर्को व्यवस्था नहुँदासम्म उपलब्ध नगराउने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा शिक्षक जिवन वि.क को विषय हाललाई यो विषय यत्तिकै स्थगित भएको निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस पचालझरना गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालय व्यवस्थापन समितिको अबधि २०८२ भाद्र सम्म मात्र भएकोले जुन विद्यालयको विद्यालय व्यवस्थापन समितिको अवधि समाप्त भएको छ उक्त विद्यालयमा शिक्षा ऐन २०२८ (संशोधन अनुसार), र शिक्षा नियमावली २०५९(संशोधन अनुसार) र गाउँपालिकाको सामुदायिक विद्यालय व्यवस्थापन समितिका पदाधिकारी छनोट सम्बन्धि कार्यविधि २०८२ अनुसार १ महिनाभित्र गठन गर्नको लागि पत्राचार गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा नौमुले धमाली सिचाँई कुलो निर्माण सम्बन्धमा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन र नियमावली लगायत अन्य सम्बन्धित कानुनमा भएको व्यवस्थाहरु पालना गरी के गर्ने भन्ने विषयमा पछि सल्लाह गर्ने गरी हाललाई यो विषय यत्तिकै अन्त्य भएको निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस कार्यालय मातहतका वडा कार्यालय र स्वास्थ्य संस्थाका कार्यालय सहयोगीहरु, स्विपरहरुको तलब मासिक रु. १ हजारका दरले बढाउने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस कार्यालयको खरिद कार्यलाई व्यवस्थित र पारदर्शी बनाउनका लागि सार्वजनिक खरिद ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम देहाबमोजिमको खरिद समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| कमल बहादुर बम | संयोजक |
| विष्णु प्रसाद पाण्डे | सदस्य |
| कुल प्रसाद न्यौपाने | सदस्य |

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस पचालझरना गाउँपालिकाको आफ्नो चार पाङ्ग्रे सवारी साधन नभएकोले कार्यालय प्रयोजनको लागि मात्र प्रयोग गरिने गरी आवश्यक सवारी साधन प्रयोगार्थ सम्झौता गर्ने निर्णय गरियो।

१० . प्रस्ताव नं. १० माथि छलफल गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मिति २०८२।०४।०७ चलानी नं २ को पत्र र शिक्षा विकास तथा समन्वय इकाइ कालिकोटको मिति २०८२।०४।१२ र चलानी नं ३७ को पत्रानुसार यस गाउँपालिकामा संचालित सम्पुर्ण सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्ये ५ वर्ष अवधि सकिएका, शिक्षा ऐन तथा नियमावली अनुसार नभएका र रिक्त रहेका प्रधानाध्यापक पदमा नियुक्तिका लागि विद्यालय व्यवस्थापन समिति गठन भएको १५ दिन भित्र संशोधित शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ अनुसार गर्न गराउनुका लागि सम्पुर्ण विद्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पढेला कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३